# लेखापरीक्षण प्रतिवेदन

## जुगल गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# जुगल गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/434

श्रीमान् अध्यक्षज्यू,

जुगल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )

नायब महालेखापरीक्षक

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/434

मिति : २०८३-१-३०

श्रीमान् अध्यक्षज्यू,

जुगल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियत सहितको रायः**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय — व्ययतर्फ रु. १ अर्ब ३२ करोड ९९ लाख १९ हजारको लेखापरीक्षण गरिएको छ। गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड १९ लाख ९ हजार बेरुजु देखिएकोमा प्रतिकृया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु.४ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४८ लाख १५ हजार र नियमित गर्नुपर्ने रु.६६ लाख ८१ हजार गरी जम्मा रु.१ करोड १९ लाख ९ हजारनै बेरुजु बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.२६ करोड ८२ लाख ८३ हजारमध्ये रु.६४ लाख २१ हजार सम्परीक्षण तथा सम्परीक्षणबाट थप रु.२ लाख १ हजार र यस वर्षको थप रु.१ करोड १९ लाख ९ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.२७ करोड ३९ लाख ७२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | ३९ | १,१९,०९,३७३ | ० | ० | ० | ० | ६३ | ३९ | १,१९,०९,३७३ | ४,१३,००३ | ६६,८१,३०४ | ४८,१५,०६६ | ० | ० | १,१४,९६,३७० | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | २६,८२,८३,००० | ० | ६४,२०,७१४ | २६१८६२२८६ | २००४०० | १,१९,०९,३७३ | २७३९७२०९५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ८४ | निःशुल्क पाठ्यपुस्तक कार्यक्रम | १,५२,७९० |
| २ | २०८०/८१ | ५२.१ | गाउँपालिका प्रवेशद्वार निर्माण | २६,५२१ |
| ३ | २०७८/७९ | २२ | राजस्व बाँडफाँट | ६२,००,४०० |
| ४ | २०७७/७८ | ७५ | भ्रमण अवधिमा बैठक भत्ता | ३,८२५ |
| ५ | २०७७/७८ | २८ | बढी दरमा बैठक भत्ता | ३४,८५० |
| ६ | २०७७/७८ | ७४ | पारीश्रमिक कर | २,३२८ |
| जम्मा | | | | ६४,२०,७१४ |

# जुगल गाउँपालिका, सिन्धुपाल्चोक

# ( ८०३२७५०२३०० )

# जुगल गाउँपालिका , सिन्धुपाल्चोक

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।कुल क्षेत्रफल ५९२ वर्ग किलोमिटर रहेको यस पालिकाको वडा संख्या ७ तथा जनसंख्या १८३०३ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२७ देखि २०८२।४।३१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१ अर्ब ३२ करोड ९९ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१५३८७५२।४० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | प्रदिप पराजुलीबाट बढी भुक्तानी रकम असुली । | ४००० |
| २ | समाजिक सुरक्षा भत्ताको दोहोरो परेको रकम फिर्ता । | ११०७०९ |
| ३ | सामाजिक सुरक्षा भत्ता वितरण पछि बाँकी रहेको बैंकबाट फिर्ता । | १९५५९ |
| ४ | रामेश्वर मा वि बाट पाठ्यपुस्तकबापत बढी निकासा रकम असुली | ११००० |
| ५ | श्री रत्न राज्य मा वि मा बढी तलब भत्ता निकासा रकम असुली । | ३५२४७ |
| ६ | सेतीदेवी मा विबाट छात्रवृत्ति बापत बढी निकासा रकम असुली । | ६८०० |
| ७ | जुगल मा विबाट छात्रवृत्तिबापत बढी निकासा रकम असुली । | १४००० |
| ८ | आ व २०८१।०८२ को दहत्तर बहत्तरवापत रकम राजश्व शीर्षक १४१५७ मा दाखिला | १००९३८६.७२ |
| ९ | भ्याट रकम गत आ व को राजश्व शिर्षक ३३३१७ मा दाखिला | ३२८०५०.६८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण-**

२.१ **वित्तीय प्रतिवेदन** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा संलग्न गरिएको छ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारो एकीकृत वित्तीय विवरण

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| सुरु मौज्दात | ९२६१६०६०.४७ | चालु खर्च | ३२०६४३०७५.२६ |
| १.संचित कोष | ७४४४६५८९.१४ | १. पालिका तर्फ | १३८२८६९१३.७४ |
| २.धरौटी | १०८९८५६७.०६ | २. संघीय सशर्त | १७४९४८६६९.७२ |
| ३.कार्यसञ्चालन कोष | ५१०६६३८.२७ | ३. संघीय विशेष | |
| ४. अन्य कोष | ६६४२६६ | ४. प्रदेश सशर्त | ७४०७४९१.८० |
| ५.प्रकोप कोष | १५००००० | | |
| यस वर्षको आय | | ५. प्रदेश विशेष | |
| १.आन्तरिक आय | ७८१५७०३ | पुँजीगत खर्च | १८०५६१४७० |
| २. वित्तीय हस्तान्तरण (संघ) | ४१२०६६०२०.९२ | १. पालिका तर्फ | १३२६७६९८८ |
| क) समानीकरण अनुदान | ९६९९०३२० | २. संघीय सशर्त | ५१८९००० |
| ख) राजस्व बाँडफाँट | १०५२८२७००.६४ | ३. संघीय विशेष | ९२७३००० |
| ग) सशर्त अनुदान | १९७७९३०००.२८ | ४. संघीय समपुरक | |
| घ) समपुरक अनुदान | ०० | ५. प्रदेश सशर्त | १२६५०४३९ |
| ङ) विशेष अनुदान | १२०००००० | ६. प्रदेश विशेष | ७७०२२०० |
| च) रोयल्टी | | ७. प्रदेश समपुरक | १३०६९८४३ |
| छ) अन्य | | अन्तर सरकारी अख्तियारी (संघ) | १२०८३१४२७.१७ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | ८९७०११२९.८७ | क) सामाजिक सुरक्षा | १०८९०३४०६.१७ |
| क) समानीकरण अनुदान | १०५७५००० | ख) गरिबसँग विशेश्वर कार्यक्रम | |
| | | ग स्वास्थ्य क्षेत्र सुधार | ५३५००० |
| ख) राजस्व बाँडफाँट | २८६६६१२९.८७ | घ एकिकृत स्वास्थ्य पूर्वाधार | ११३९३०२१ |
| ग) सशर्त अनुदान | २२४६०००० | अन्तर सरकारी अख्तियारी (प्रदेश) | |
| घ) समपुरक अनुदान | २०००००००० | ऋण फिर्ता(साँवा) | |
| ङ) विशेष अनुदान | ८०००००० | ऋणको ब्याज भुक्तानी | |
| च) रोयल्टी | | धरौटी फिर्ता तथा सदर स्याहा | ४९५९८४७.७९ |
| छ) अन्य | | कार्यसञ्चालन कोषबाट भएको खर्च | ६०५३७९१.१७ |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | १२०८३१४२७.१७ | अन्य कोषबाट भएको खर्च | |
| क) सामाजिक सुरक्षा | १०८९०३४०६.१७ | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | |
| ख) गरिबसँग विशेश्वर कार्यक्रम | | अन्य सहयोगमा सञ्चालित योजना | |
| ग एकिकृत स्वास्थ्य पूर्वाधार | ११३९३०२१ | प्रकोप ब्यबस्थापन कोष खर्च | १२८८७६०० |
| | | | |

| | | | |
|---|---|---|---|
| घ स्वास्थ्य क्षेत्र सुधार | ५३५००० | अन्य खर्च भएमा | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | अनुदान फिर्ता | ३००१२३५६.४८ |
| ६. ऋण/ वित्तीय व्यवस्था | | १. संघ तर्फ | |
| ७. धरौटी आय | ७१३५०८४.८६ | क) सशर्त अनुदान | १७६५५३३०.२८ |
| ८. कार्यसञ्चालन कोष आय | ९७७२५२.९० | ख) विशेष अनुदान | २७२७००० |
| ९. अन्य कोषको आय | ६६४२६६ | ग) समपुरक अनुदान | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | २. प्रदेश तर्फ | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | क) सशर्त अनुदान | २४०२०६९.२० |
| १२. अन्य आय भएमा | ४०७१११.८० | ख) विशेष अनुदान | २९७८०० |
| १३. प्रकोप ब्यबस्थापन कोष | ११५२०००० | ग) समपुरक अनुदान | ६९३०१५७ |
| १४. विभाज्य कोष | २८५१५१७ | अन्तिम मौज्दात | ७०६३६००६.१२ |
| | | १. संचित कोषको मौज्दात | ५६०४४५७६.१३ |
| | | २. धरौटी | १३७६४६६३.९९ |
| | | ३. कार्यसञ्चालनकोष | ३०१०० |
| | | ४. प्रकोप ब्यबस्थापन कोष | १३२४०० |
| | | ५. अन्यकोष | ६६४२६६ |
| जम्मा | ७४६५८५५७३.९९ | जम्मा | ७४६५८५५७३.९९ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| ग १.१ आन्तरिक राजस्व खाता | १८५१४२८०.०६ | ० | -१८५१४२८०.०६ |
| ग २.७ विविध खर्च खाता | -२६६९८७. | ५३०८१५९.७ | ५५७५१४६.७ |
| ग ३.१ स्थानीय तह धरौटी खाता | १३०७३८०४.१३ | १३२२१५३२.६९ | १४७७२८.५६ |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ५६०४४५७६.१३ | ५६०४४५७६.१३ | ०. |
| ग ५.१ स्थानीय तह विविध कोष खाता | ६६४२६६. | ६६४२६६. | ०. |
| ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | २८५१५१७.४९ | २८५१५१७.४९ | ०. |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | -१२८८७६००. | ३४९०५९७. | १६३७८१९७. |
| | ७७९९३८५६.८१ | ८१५८०६४९.०१ | ३५८६७९२.२ |

पालिकाले तयार गरेको म.ले.फा.नं. २१२ अनुसार श्रेष्ता अनुसार रु. ७७९९३८५६.८१ बाँकी रहेको र बैंक स्टेटमेन्ट अनुसार रु. ८१५८०६४९.०१ बाँकी रहेको देखिन्छ । श्रेष्ता र बैंक स्टेटमेन्टमा रु.३५८६७९२.२ फरक परेको सम्बन्धमा पालिकाले हिसाब मिलान गर्नुपर्दछ।

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०८९०३४०६।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३१६६३०००।-, स्वास्थ्य सुधार रु.५४००००।- र विद्यालय शिक्षा क्षेत्र योजना रु.५४४००।- समेत गरी रु.१४११६०८०६।- सुत्रमा लेखाङ्कन गरेको छैन।

## ३ आन्तरिक नियन्त्रण प्रणाली-

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको देखियो।
• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको देखिएन ।
• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको देखिएन ।
• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।
• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको छैन।
• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।
• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको देखिएन।

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

३.२ स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

## ४ जिन्सी व्यवस्थापन -

४.१ **लिलाम विक्रि** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम १०६ मा टुटफुट भई पुनः प्रयोग गर्न सकिने भए तापनि मर्मत गर्दा उक्त सामानको मुल्यको २५ प्रतिशत भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण कार्यकुशलता घट्ने भनि सम्पत्ति तथा जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ती तथा जिन्सी मालसामान मध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिना भित्र विक्रिको प्रकृया सुरु गर्नुपर्ने व्यवस्था छ। पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन अनुसार लिलाम गर्नुपर्ने औँल्याइएका एम्बुलेन्स १ थान, ल्याण्डकुजर १, पजेरो गाडी लगायतका ८ प्रकारका २४ थान सामाग्री तथा मिनाहा गर्नुपर्ने ११ प्रकारका सामाग्री लेखापरीक्षणको अवधिसम्म लिलाम विक्रि भएको देखिएन। अतः मर्मत, लिलाम विक्रि तथा मिनाहा कार्य सम्पन्न गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

४.२

**पार्म्समा नचढाएको-** पालिकाले खरिद गरेका सबै सामान तोकिए अनुसार PAMS (Public Assets Management System) मा अभिलेख जनाई आवश्यकता अनुसार खर्च लेख्नुपर्दछ । पालिकाले केन्द्रबाट खरिद गरिएका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गरी यस वर्षबाट जिन्सी व्यवस्थापन सुरु गरेतापनि पूर्ण रुपमा पार्म्समा चढाएको पाईएन । त्यसैगरी वडा कार्यालयहरुबाट खरिदको दाखिलाहरु समेत PAMS मा नचढाएको कारण पालिकाभरिको सम्पूर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मूल्य सम्बन्धमा यकिन गर्न सकिएन। नेपाल सरकारको २०७७ कार्त्तिक २० गतेको निर्णय अनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यो सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) वडाहरुबाट खरिद हुने सामानको हकमा लागू गरेको नपाईएकाले पालिकाले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सही तथा यथार्थ छ भन्नेमा पूण रुपमा विश्वस्त हुन सक्ने अवस्था भएन । पालिका केन्द्रले इन्धन तथा वडाहरुबाट खरिद भएका सम्पूर्ण वस्तु तथा सेवा समेत चढाउने यस प्रणालीको पूर्ण रुपमा लागू गरी सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ ।

४.३ **जिन्सी दाखिला नभएको** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा खरिद भएको सामाग्रीको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ।१०१-२०८१।८।९ बाट वडा नं. १ मा मोबाइल खरिद वापत रु.४००००।०० भुक्तानी भएकोमा सोको जिन्सी दाखिला भएको देखिएन। ऐनमा भएको व्यवस्था बमोजिम खरिद भएको मोबाइलको जिन्सी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००० |

५ **बजेट तथा कार्यक्रम** -

५.१ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्पनुर्दछ।

५.२ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट (रु. हजारमा)** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९५५५ | २०२१४ | ६८.४० |
| २ | सामाजिक विकास | २९४९६२ | २५१८०४ | ८५.३७ |
| ३ | पूर्वाधार विकास | १८४०२६ | १३६६९७ | ७४.२८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५६६० | ५१४४ | ९०.९० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | १०३६१२ | ८७३४२ | ८४.३० |
| **जम्मा** | | **६१७८१५** | **५०१२०४** | **८१.१२** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबैभन्दा बढी ९०.९० प्रतिशत र आर्थिक विकास सबै भन्दा घटीमा ६८.४० प्रतिशत रहेको छ।

५.३

**लक्ष्य प्रगति-** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरेको पाइएन ।

५.४ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा कुल १८१ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. .** | **विवरण** | **योजना संख्या** | **रकम** (रु. हजारमा) |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १० | ६००० |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | ११५ | ३१५०० |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | ३५ | ३१७०० |
| ४ | रु.१० लाख देखि ५० लाख सम्मका योजना | १२ | ३३९०० |
| ५ | रु. ५० लाख भन्दा माथिका | ९ | ८६९२५ |
| | जम्मा | १८१ | ४९६०२५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

५.५ **बजेट पेश, पारित र अख्तियारी** -सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षबाट मिति २०८१।३।७ मा रु. ६१ करोड ७८ लाख १५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३। २८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३ २८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

५.६ **निर्माण कार्य व्यवस्थापन** -पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| १८१ | ९ | ८६९२५ | १७२ | ९३६३६ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १८१ योजना मध्ये ठेक्का मार्फत ९ वटा योजनामा रु.८ करोड ६९ लाख २५ हजार खर्च गरेको छ, भने उपभोक्ता समिति मार्फत सञ्चालित योजनामा रु.९ करोड ३६ लाख ३६ हजार खर्च गरेको छ ।अर्थात १८ करोड ०५ लाख ६१ हजार योजनामा भएको खर्च मध्ये ४८.१४ प्रतिशत ठेक्का प्रक्रिया र ५१.८६ प्रतिशत रकम उपभोक्ता समिति

मार्फत् खर्च गरेको देखिन्छ। पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवम् व्यवस्थापन गर्नुपर्दछ ।

५.७ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च (रु. हजारमा)** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १८०५६१ | ६३८५ | ९४३५ | ३५०२० | १२९१६० | ७३५२२ |
| प्रतिशत | | ३.५५ | ५.२४ | १९.४६ | ७१.७५ | ४०.८५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१८०५६१४७०।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ३.५५ प्रतिशत, दोस्रो त्रैमासिकमा ५.२४ प्रतिशत, तेस्रो त्रैमासिकमा १९.४६ प्रतिशत र चौथो त्रैमासिकमा ७१.७५ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र ४०.८५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

६ **वार्षिक खरिद योजना/गुरुयोजना-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८०५६१४७०।-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ।

७ **कानून निर्माण एवं कार्यान्वयन -**

७.१ **कानून र सञ्चालन स्थिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म २२ वटा ऐन, ५ वटा नियमावली, ४९ कार्यविधि लगायत ७६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ३९ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

७.२ **न्यायिक समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको १२ गरी कुल १९ विवाद दर्ता भएकोमा १७ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

८ **सेवा प्रवाह -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो ।

| विवरण | जम्मा |
|---|---|
| घटना दर्ता | १५७५ |
| घरबाटो सिफारिस | २६३ |
| नागरिकता सिफारिस | १५६ |
| नाता प्रमाणित | ४७१ |
| अन्य | ४०७७ |
| पूर्वाधार विकास निर्माण | ८० कि.मि. |
| खानेपानी ५०० घरधुरी | ५० कि.मि. |
| सिँचाई ७०० घरधुरी | ३० कि.मि. |

९ **सार्वजनिक परिक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। पालिकाले १ पटक सार्वजनिक परीक्षण गराइ रु.९००००।- खर्च गरेको छ।

१० **दरबन्दी तथा पदपूर्ति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १८ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, पशु स्वास्थ्य अधिकृत, लेखा अधिकृत सहित ७० पदहरु रिक्त रहेका छन्।

११ **तलबी प्रतिवेदन -**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकामा कार्यरत स्थायी कर्मचारीको रु.५४८५०८७।- तलब खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१२ **आर्थिक सहायता र विविध खर्च-**

१२.१ **आर्थिक सहायता** -पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३४ व्यक्तिहरुलाई रु.५०००००।- आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.७८१५७०३।- को ६.४० प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१२.२ **विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.२७५३१९३।- खर्च गरेको छ। उक्त

रकम पालिकाको कुल आन्तरिक आय रु.७८१५७०३।- को ३५.२३ प्रतिशत हुन आउँछ।

१३ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ११ वटा दाखिला गरेको पाइयो भने बाँकी १३ वटा पूर्ण रुपमा निस्क्रिय रहेको देखिन्छ । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१४ **कन्टिन्जेन्सी खर्च** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था छ। पालिकाबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। कार्यालयले आ.व २०८१।०८२ मा कन्टीन्जेन्सी बापत खर्च गरेको छैन।

१५ **राजस्व व्यवस्थापन** -

१५.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१४ | भुमिकर/मालपोत | १५,५७,०००.०० | ७,४६,३२२.३७ |
| २ | ११३१७ | वहाल कर | ५,५०,०००.०० | ३,७३,८६६.२० |
| ३ | ११६३१ | कृषितथा पशुजन्यवस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | १२,१००.०० |
| ४ | ११६९१ | अन्य कर | ०.०० | ११,५३,१४३.५६ |
| ५ | १४२१९ | अन्य सेवा शुल्क तथाबिक्री | ७०,०००.०० | ७८,६००.०० |
| ६ | १४२२१ | न्यायिक दस्तूर | ०.०० | ५००.०० |
| ७ | १४२२४ | परीक्षा शुल्क | ०.०० | २६,४००.०० |
| ८ | १४२२५ | यातायात क्षेत्रकोआम्दानी | ०.०० | ७,५००.०० |
| ९ | १४२२९ | अन्य प्रशासनिक सेवाशुल्क | ९,२०,०००.०० | २,०७,४८६.४७ |
| १० | १४२४३ | सिफारिश दस्तुर | ०.०० | ५,९०,५००.०० |
| ११ | १४२४४ | व्यक्तिगत घटना दर्तादस्तुर | ०.०० | ४,३३,८००.०० |
| १२ | १४२४५ | नाता प्रमाणित दस्तुर | ०.०० | ४१,४००.०० |
| १३ | १४२४९ | अन्य दस्तुर | ०.०० | ४,२२,७५१.५३ |
| १४ | १४२५३ | व्यावसाय रजिष्ट्रेशनदस्तुर | २१,०३,०००.०० | ६३,५७५.०० |
| १५ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,००,०००.०० | ०.०० |
| १६ | १४५२९ | अन्य राजस्व | ०.०० | ३५,३३,२५९.०० |
| १७ | १४६११ | व्यवसाय कर | ०.०० | ३१,३५०.०० |
| १८ | १५१११ | बेरूजू | ३,००,०००.०० | १,४६,८४८.०० |
| जम्मा | | | ६०,००,०००.०० | ७८,६९,४०२.१३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१५.२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६०,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु.७८१५७०३।- अर्थात अनुमान भन्दा ३०.२६ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१५.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७२५४३३९६ | ७८१५७०३ | २.८७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३१३५०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१७ **राजश्व बाँडफाँड –**

स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नगरपालिकाले विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(४) मा आर्थिक वर्ष २०८१।८२ मा प्रदेश भित्रको ढुङ्गा गिट्टी बालुवाको राजश्व असुल गरी विभाज्यकोषमा दाखिला गरी स्थानीय संचितकोषमा साठी प्रतिशत तथा प्रदेश संचितकोषमा चालिस प्रतिशत दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश कानून बमोजिम पालिकाले रु.२८५१५१७।०० राजस्व बाँडफाँड गरेको देखिएन।

१८ **मूल्य अभिवृद्धि कर दाखिला नभएको-**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबृद्धि कर लाग्ने वस्तु विक्रिमा मुल्य अभिबृद्धि कर लगाउन पाउने व्यवस्था रहेको छ। पालिका क्षेत्रको नदीजन्य पदार्थ विक्रिको लागि अमानतबाट रु.२८५१५१७ राजस्व संकलन गरेकोमा सोमा लाग्ने मू.अ.कर रु.३२८०५१ दाखिला गरेको देखिएन। अतः पालिकामा संकलन भएको मुल्य अभिवृद्धि कर दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२८,०५१ |

१९ **सामाजिक सुरक्षा भत्ता तर्फः**

१९.१ **भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३, ४ र ५ ले लाभग्राहीको नाम दर्ता, नवीकरण र लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी र अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष २५६७ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापत कूल रु. १०८९०३४०६।- वितरण गरेको छ। कार्यविधिमा उल्लिखित व्यवस्थाबमोजिम नाम दर्ता, नवीकरण र लगत कट्टा तोकिएको मितिभित्र गर्नुपर्दछ ।

१९.२ **निष्कृय खाता तथा लगत कट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंक तथा वित्तीय संस्थाले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार एक आर्थिक वर्ष सम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैंकबाट अनुसूची ११ वमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा

कुनै कारणले भत्ता प्राप्त नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्रचलित कार्यविधि अनुसार वैंक तथा वित्तीय संस्थाले निष्कृय खाताको निम्न विवरण उपलब्ध गराएको छ। पालिकाबाट उपलब्ध विवरण परीक्षण गर्दा निम्नानुसारका लाभग्राहीको खातामा रु. निष्कृय रकम रहेको पाइयो । निष्कृय खातामा रहेको रकम पालिकाले यकिन गरी संघीय सञ्चित कोष फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | नाम | खाता | रकम | प्रमाणपत्र नं. |
|---|---|---|---|---|
| १ | कविराज वि.क. | २६७०१५७४२५०००००० | १९१५२ | २०७७०४०१०३८०२ |
| २ | यशोदा वि.क. | २६७०१६०९१९८००००० | १६७८४ | २०७५१११६०२५६१ |
| ३ | निता सुनार | २६७०२२०८१०३००००० | १८९७१ | २०७६०३२००१७३५ |
| ४ | ग्रिष्मा परियार | २६७०२११९९०१००००० | १९१५२ | २०७८०५०१०४९७९ |
| ५ | रोती सुनार | २६७०२१२०९४४००००० | २२३४८ | २०७६१११८०५९४९ |
| ६ | कृपा सुनार | २६७०१७७२७५४००००० | १८८८५ | २०७६०३१५०७३६९ |
| जम्मा | | | ११५२९२ | |

| प्रमाण पेश नगरेको | १,१५,२९२ |
|---|---|

१९.३ **नागरिकता नम्बर दोहोरो** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १२ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। सामाजिक सुरक्षा भत्ता वितरण अभिलेख परीक्षण गर्दा पालिकाले ८ जना लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो देखिने गरी सामाजिक सुरक्षा भत्ता वापत रु.३७४७१०।- भुक्तानी गरेको छ। नागरिकता नम्बर दोहोरो हुनुका कारण पालिकाबाट यकिन र लाभग्राहीको विवरण अद्यावधिक गरी भत्ता वितरण यथार्थपरक गरिनुपर्दछ।

## २० अग्रिम कर दाखिला

नेपाल सरकार अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को दफा ३.३ को राजश्व शीर्षकहरुको वर्गीकरण तथा व्याख्यामा एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने करको राजश्व शीर्षक नं.११११११ मा सङ्घीय तहमा आम्दानी बाध्नुपर्ने व्यवस्था छ । पालिकाले अग्रिम करबापत कट्टि रकम पालिकाको खातामा दाखिला गरिएकोले रु.११३२५०।०० सो रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,१३,२५० |
|---|---|

## २१ सूचनाको हक

राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डौँको प.सं.२०८१।०८२ च.नं. ४४२ को निर्णय कार्यान्वयनसम्बन्धी निर्णयानुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचना हकसम्बन्धि नियमावली,२०६५ बमोजिम नागरिकको सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नेसम्बन्धमा सूचना अधिकारी तोकेको कि नतोकेको, सूचनाको वर्गीकरण अद्यावधिक गरे नगरेको, तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरे नगरेको, वेव साइट भए नभएको वेवसाइट भएमा नियमित अद्यावधिक हुने गरेको नगरेको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखे नराखेको सम्बन्धमा परीक्षण गर्न महालेखा परीक्षकको कार्यालयलाई पत्र लेखिएको छ ।पालिकामा सूचनाको हकको कार्यान्वयनसम्बन्धमा परीक्षण गर्दा सूचना अधिकारी तोकेको, सूचनाको

वर्गीकरण अद्यावधिक गरिएको, वेव साइट भएको र नियमित अद्यावधिक हुने गरिएको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखिएको, तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरेको पाइयो ।पालिकाले नागरिकको सूचनाको हको सम्बर्द्धन संरक्षण र प्रचलनमा निरन्तरता कायम राख्नुपर्दछ ।

२२ **शून्य प्रगति भएका कार्यक्रम -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को उपदफा १ मा उपाध्यक्ष/उप प्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था रहेको छ। यसले आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेटको अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने लगायतको विषय उल्लेख भएको छ।पालिकाबाट बजेट तर्जुमा गर्दा पालिकाको आवश्यकता तथा खर्च गर्न सक्ने क्षमताको आधारमा आधारमा बजेट निर्माण गर्नुपर्नेमा पालिकाले ४५ वटा आयोजनामा रु ८३९७९१५ बजेट विनियोजन गरेकोमा कार्यक्रम खर्च भएको पाइएन। पालिकाले कार्यान्वियन योग्य कार्यक्रममा बजेट विनियोजन गर्नुपर्दछ।

२३ **परामर्श तथा डी पी आर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **निर्धारण आयोजना लागत** |
|---|---|---|---|---|
| बुद्धपार्क निर्माणको डीपीआर वडा नं. ७ | प्लाटफर्म इन्जिनियरिङ कन्सट्रकस्सन प्रा.लि. | ५००००० | ३०८००० | २०००००००० |
| भैरवी मन्दिर तथा कूल घर निर्माणको डीपिआर वडा नं. ७ | म्याग्रेट इन्जिनियरिङ प्रा.लि. | ५००००० | ३०८००० | १८००००००० |
| लिधि गाउँ स्तुपा र भिमसेन मन्दिर निम्लुङ जुगल २ को डिपिआर | एस.डि.सि. इन्जिनियरिङ प्रा.लि. | ५००००० | २६३००० | १२००००००० |
| | जम्मा | १५००००० | ८७९००० | ५०००००००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।

२४ **चनौटे जग्गा प्लटिङ र कित्ताकाट -**

भूउपयोग ऐन २०७६ को दफा ६(५) मा प्रत्येक स्थानीय तहले भूउपयोग क्षेत्र नक्सा तथा आफ्नो क्षेत्रभित्रको आर्थिक, सामाजिक, पूर्वाधार विकास लगायतका विषय समेतको आधारमा सङ्घीय र प्रदेश स्तरीय भूउपयोग योजनासँग प्रतिकूल नहुने गरी स्थानीय भूउपयोग योजना तयार गर्नु पर्ने यसरी तयार गरिएको भूउपयोग योजना स्थानीय भूउपयोग परिषबाट स्वीकृत गराई लागू गर्नु पर्ने तथा यसरी भूउपयोग योजना तयार गर्दा आवश्यकताअनुसार ग्रामीण र सहरी क्षेत्रको बेग्लाबेग्लै योजना तर्जुमा गर्न सक्ने व्यवस्था छ। तर पालिकाले माथि उल्लेखित व्यवस्थाको पालना नगरी ;स्थानीय पालिकाबासीले उपलब्ध गराएको निजी जग्गाहरुलाई कित्ता काट गर्नको लागि प्रशासनिक खर्च भनी रु १००००००।०० बजेट विनियोजन गरी रु.५३६०००।०० खर्च गरेको छ।

२५ **कार्यालय सामाग्री खरिद तथा सूचना प्रकाशन -**

२५.१ **सूचना प्रकाशन खर्च -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान

भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने ब्यवस्था छ।त्यसैगरी विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ ।साथै विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क. मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण बापतको रकम सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको विल वमोजिम नियम ५ख. बमोजिमको दररेटको आधारमा गर्नु पर्ने व्यवस्था रहेको छ।तर पालिकाले पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्चको लागि रु २५,७५,००० विनियोजन गरी रु २३,६५,८२० खर्च भएकोमा माथि उल्लेखित प्रावधानको पालना गरेको देखिएन।पालिकाले सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा हुने गरी खर्च गरी मितव्ययी गर्नुपर्ने देखिन्छ।

२५.२ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्ने भनी विगत वर्षमा समेत प्रतिवेदनहरुमा उल्लेख भएकोमा अध्यापी सुधार भएको पाइएन। पालिकाले यो वर्ष कार्यालयले मसलन्द र सामाग्री खरिदमा विभिन्न मितिमा १० आपूर्तकबाट रु.३७५०६२९ सामाग्री खरिद गरी भुक्तानी गरेको छ। ऐन नियममा उल्लेखित व्यवस्था बमोजिम प्रतिस्पर्धा विधि अपनाई खरिद कार्य गर्नुपर्दछ ।

२६ **वृत्तचित्र निर्माण -**

सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ.नं. ४३५-२०८२/१/११ बाट आलोक मिडिया प्रा. लि. सँग मिति २०८१/१२/२१ मा सम्झौता गरी लघुचित्र निर्माण वापत रु. ४९५५०० भुक्तानी गरेको देखियो । पालिकाले उल्लिखित बिषय यकिन नगरी सम्झौता गरेको देखिन्छ। पालिकाले निर्माण गरेको वृत्तचित्र सार्वजनिक गरेको देखिएन । सम्झौता गर्दा सार्वजनिक खरिद नियमावलीमा भएका प्रावधानको पालना गर्नुपर्दछ साथै कानून बमोजिम उत्पादन तथा प्रसारण भएको सामाग्रीको कार्यालयमा अभिलेख राख्नुपर्दछ।

२७ **उपभोक्ता समिति मार्फत खरिद कार्य -**

२७.१ **नापी किताव -** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं.५०३ महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ। उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको विवरण र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने उल्लेख छ। निर्माण कार्यको विस्तृत अभिलेख सहित नापी किताब नराखि लुज सिटमा रनिङ्ग बिल वाइज नापी पेश गर्ने गरेको देखियो।

पालिकाले बिल वाइज पेश भएको नापीमा अघिल्लो बिलसम्मको काम भनि उल्लेख गरेको कामको परीमाण र रकमलाई थप विश्लेषण र भिडान गर्न सकिने गरि नापी किताब अद्यावधिक गर्नुपर्दछ।

२७.२ **आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् संचालन भएका आयोजनाहरु सम्पन्न भइसके पश्चात् समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि संचालन गरिएका योजनाहरु सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत तोकी हस्तान्तरण गर्ने गरेको पाइएन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

२७.३ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १५२।२०८२।१।२३ | उर्केलिङ गुम्बा फापुङ | भवन निर्माण | १८५८००० |
| १६३।२०८२।२।७ | याङगर गुम्बा निर्माण | भवन निर्माण | १६२०४७० |
| २०३।२०८२।२।२७ | फमा च्येङरेशी वाँसखर्क | भवन निर्माण | २२९२००० |
| २११।२०८२।२।२८ | ट्रान्समिटर व्यवस्थापन | विद्युतीय कार्य | १४४५०० |
| २५०।२०८२।३।९ | टाशी ल्हासा गुम्बा | भवन निर्माण | १९१०००० |

२७.४ **जनश्रमदान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| **गो.भौनं./मिति** | **उपभोक्ता समिति र काम** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** | **उपभोक्ताले व्यहोर्ने %** | **व्यहोरेको** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|---|---|
| २५३-०८२।३।११ | खुन्दुर्क गोल्वे सडक स्तरोन्नती | २७५११०६२ | २६६२९८४ | २६६२९८ | २५११०६२ | १५२३६ |
| २६१-२०८२।३।१७ | लोक शान्ति बाल बिकास संरक्षण थाङसिंडाँडा | ५५०३०७ | ५३८०८७ | ५३८०९ | ५०३०७ | ३५०२ |
| २६३-०८०।३।१९ | बज्र छ्योलिङ गुम्बा बिसिघर जुगल ६ | २२००९६९ | २०६७९२५ | २०६७९२ | २००९६९ | ५८२३ |
| १२-०८२।३।२०(संघीय) | जुगल भ्यू साँस्कृतिक केन्द्र भवन निर्माण | ३९५५६३६ | ३७८१८०४ | ३७८१८० | ३५८१८० | २०००० |
| **जम्मा** | | | | | | **४४५६१** |

| असुल गर्नुपर्ने | ४४,५६१ |
|---|---|

२७.५ **प्राविधिक बिल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समितिहरुबाट सञ्चालित कतिपय योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। प्राविधिकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुका साथै नापी र कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

२७.६ **उपभोक्ता समितिबाट भएको कार्यको लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स तथा दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेका योजनाहरूमा लागत अनुमान तयार गर्ने र सोही अनुसार नापी तथा कार्यसम्पन्न तयार गर्ने गरेको देखिन्छ। हालसम्म पालिकाले निर्माणतर्फ आफ्नो छुट्टै दररेट स्वीकृत गरेको छैन। पालिका अन्तर्गत गरिने निर्माण कार्यमा सडक र भवन विभागको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने गरेको छ। जसको कारण स्थानीय बजारमा न्यूनतम दरमा पाइने सामाग्रीको समेत उच्चदर राखि लागत अनुमान तयार हुने गरेको छ। जसले गर्दा पालिकाले तयार गर्ने लागत अनुमान यथार्थपरक छ भनि आश्वस्त हुनसक्ने अवस्था देखिएन। पालिकाले समानुकुल र स्थानीय बजार दर समेतलाई ध्यानमा राखि आफ्नै स्थानीय दररेट स्वीकृत गरी मितव्ययी तरीकाले निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।

२७.७ **फरक दररेट प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्स एवं जिल्ला दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता मार्फत निर्माण कार्य गर्दा दररेट विश्लेषण गर्दा निम्नानुसारका कार्यमा बढी दर कायम गरेको देखियो।दररेट विश्लेषण(Rate Analysis) भन्दा बढी भुक्तानी उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | कार्य | परिमाण | हुनुपर्ने रेट | भएको | बढी रकम |
|---|---|---|---|---|---|---|
| २५२-०८२।३।११ | बगर निम्लुङ सडक स्तरोन्नती जुगल २ | Roadway excavation in all types of soil | ४६.२२५ | ११७.५६ | ७२१.८६ | २७९३३ |
| २०१-०८२।२।२३ | वडा कार्यालय मर्मत | Providing & fixing double panel door for aluminium section | ५६ Sq. ft | ७८१.७७ | ८८०.४४ | ५२२६ |
| **जम्मा** | | | | | | **३३१५९** |

| असुल गर्नुपर्ने | ३३,१५९ |
|---|---|

२७.८ **उपभोक्ता समितिबाट हस्तान्तरण गर्न नमिल्ने कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने र आफ्नै स्वामित्वमा राख्नुपर्ने स्वास्थ्य चौकी स्तरोन्नती निर्माणको कार्य उपभोक्ता समिति मार्फत् गराई रु.४८५००० भुक्तानी गरेको पाइयो। उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य मात्र गराउनु पर्दछ।

२८ **बढी भुक्तानी** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १४४-२०८२।१।२२ बाट डाँडा टोल नाला निर्माणका लागि उपभोक्ता समितिलाई रु.४८१८०० कार्यसम्पन्न गरेकोमा रु.४८५००० भुक्तानी भएकोले बढी रु.४२०० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२०० |

२९ **दश शैय्या अस्पताल भवन निर्माण** -

गाउँपालिकाले वडा नं. ५ स्थित बराम्चीमा १० शय्या अस्पताल भवन निर्माणको लागि २०७७।७८ मा रु. १२,११,१५,४३४।- (मू.अ. करसहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ८,१०,८५,५२३।- (३३.०५ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री महादेव खिम्ती अञ्जना टक्सार जे.भी. सँग २०७९।११।०२ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।४।३१ मा खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई यो वर्ष तेस्रो रनिङ्ग बिल बापत रु.१३४१२०२१.३०- भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्ः-

२९.१ **न्यून कार्य प्रगति** - खरिद सम्झौताको कार्यतालिका अनुरुप भौतिक प्रगति हासिल गर्नुपर्दछ । अस्पताल निर्माणको खरिद सम्झौताको म्याद १८ महिना रहेकोमा कार्यपालिकाबाट ६ पटक गरी ३५ महिना (१९४ प्रतिशत) म्याद थप भएकोमा २०८२ पौष मसान्तसम्म अस्पताल भवन निर्माण कार्यको प्रगति ३७.७७ प्रतिशत मात्र रहेको पाइयो । अतः सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौता बमोजिम निर्माण व्यवसायीको लापरबाही देखिएकोमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई भवन निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२९.२ निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता बमोजिम यो खरिद सम्झौताको म्याद १८ महिना (२०७९।११।०२ सम्म) रहेकोमा कार्यपालिकाबाट ६ पटक गरी २०८२।९।३० सम्म अर्थात् ३५ महिना (१९४ प्रतिशत) म्याद थप भएको देखियो । म्याद थपको फाइल परीक्षण गर्दा निर्माण व्यवसायीले समयमा निवेदन नदिएको, निवेदन पेश भएको अवस्थामा पनि कार्यालयमा दर्ता नभएको, म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्रै नटुङ्ग्याएको, म्याद थपको निर्णय गर्दा नियमावलीको व्यवस्था बमोजिम म्याद थप गर्नुपर्नाको कारण तथा अवस्था सम्बन्धमा पर्याप्त जाँचबुझ तथा विश्लेषण नभएको, म्याद थप गर्नुपर्नाको कारण तथा आधारलाई पुष्ट्याइँ गर्ने प्रमाण कागजात संलग्न नभएको लगायतका अवस्था देखियो । खरिद सम्झौताको म्याद म्याद थप गर्दा निर्माण व्यवसायीबाट समयमै निवेदन प्राप्त गरी म्याद थप गर्नुपर्नाको कारण तथा अवस्था सम्बन्धमा पर्याप्त जाँचबुझ तथा विश्लेषण गर्ने, म्याद थप गर्नुपर्नाको कारण तथा आधारलाई पुष्ट्याइँ गर्ने प्रमाण कागजात संलग्न गर्ने तथा म्याद थपको कारबाही प्रक्रिया समयमै टुङ्ग्याउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२९.३ **एडभान्स पेमेन्ट जमानतको जफत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेछ व्यवस्था छ। पालिकाले निर्माण कार्यको १९४ प्रतिशत म्याद थप गर्दा समेत निर्माण कार्यमा उल्लेखनीय प्रगति नभएकोले अस्पताल निर्माण कार्यको महादेव खिम्ती अञ्जना टक्सार जे.भी. सँग रु.१,०८,००,००० बैंक जमानत जफत गरी धरौटी खातामा राखेको देखियो। निर्माण कार्यको म्याद भएको अवस्थामा वाँकी कार्यको विल भुक्तानी गर्दा पेश्की कट्टी गरी भुक्तानी गर्नुपर्दछ।

३० **समपूरक अनुदान फिर्ता** -

३०.१ **संघीय समपूरक अनुदान** - समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को ६ मा नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वियनको लागि त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत, आयोजना/कार्यक्रमको प्रकृति, आयोजना/कार्यक्रम कार्यान्वियन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, आयोजना/कार्यक्रम कार्यान्वियनबाट हुनसक्ने उपलब्धि, आयोजना/कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ। पालिकाले ०३।०८०-८१ को वैकुण्ठ नाम्फा सन्चागाउँ सडक निर्माण कार्यका लागि कार्यसम्पन्न अनुसार रु.७१८२४७२ को ५० प्रतिशतले हुने रु.३५९१२३६ संघीय सरकारबाट खर्च लेख्नुपर्नेमा रु.३६६५७४१ खर्च लेखेकोले बढी रु.७४५०५ संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ७४,५०५ |
|---|---|

३०.२ **प्रदेश समपूरक अनुदान** - बागमति प्रदेशको प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ अनुसार प्रदेश सरकारले आयोजना/कार्यक्रमको कूल लागतको ५० प्रतिशत रकम समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्थाबमोजिम ५० प्रतिशत रकम प्रदेश सरकार समपुरक अनुदान र बाँकी रकम पालिकाको अन्य श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ ।यस वर्ष पालिकाले प्रदेश समपुरक अनुदानतर्फ सम्झौता गरी कार्यान्वियन गरेका केहि योजनाहरुको निर्माण कार्यको भुक्तानी अवस्था निम्नानुसार रहेको देखिएकोले उक्त कार्य कार्यविधि अनुकूल देखिएन । प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि अनुसार खर्च लेखाङ्कन नगरेको रकम प्रदेश सञ्चित कोषमा पठाउनु पर्ने रु.

| सि.नं. | योजनाको नाम | सम्झौता रकम रु. | भुक्तानी रकम | पालिकाबाट भुक्तानी | प्रदेशबाट भुक्तानी रकम | पालिकाबाट कम भुक्तानी भएको |
|---|---|---|---|---|---|---|
| १ | सुनखोला घुङ पाङताङ सडकस्तरोन्नती निर्माण कार्य | १२७५०१९२ | ६४३९३०० | ० | ६४३९३०० | ३२१९६५० |
| २ | गोन्डेगाउँ वाङ्गर्पु बोल्दे सडक | १३२६१०८६ | १२९९०५४३ | ६३६००० | ६६३०५४३ | १३५२७२ |
| ३ | ढाडे रान्चे बरान्चि सडक निरन्तर | ९८७७५२८ | ९४६४७१९ | ४३१५०१० | ४९३८७६४ | २०६४५० |
| | **जम्मा** | | | | | **३५६१३७२** |

| प्रमाण पेश नगरेको | ३५,६१,३७२ |
|---|---|

३१ **एडभान्स पेमेन्ट जमानतको मान्य अवधि** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले मिनि रङ्गशाला प्यारापिट ब्लक २ निर्माणका लागि वाङगुजे निर्माण सेवालाई रु.५८२५९६ पेश्की भुक्तानी भएकोमा निर्माण कार्य २०८२ पौष ३० सम्म म्याद थप भएकोमा उक्त बैङ्क जमानतको मान्य अवधि २०८२।३।३० सम्म भएकोले म्याद थप बमोजिम अग्रीम जमानतको म्याद थप हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,८२,५९६ |
|---|---|

३२ **पि एस आइटमको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ।पालिकाले निम्नानुसारका निर्माण कार्यमा विल संलग्न नगरी र बिलभन्दा बढी भुक्तानी गरेको देहायअनुसार बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु.

| निर्माण कार्य | निर्माण व्यवसायी | विमा र ल्याव भुक्तानी भएको रु. | भुक्तानी हुनुपर्ने रु. | असुल हुनुपर्ने रु. | कैफियत |
|---|---|---|---|---|---|
| गुम्बा सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण | सूर्य एण्ड तेम्बा कन्स्ट्रक्सन प्रा.लि | विमा-११३००<br>ल्याव रिर्पोट-४०००० | ० | ५१३०० | बिल संलग्न नगरी भुक्तानी । |
| आखाँ स्वास्थ्य चौकी भवन निर्माण | वाङ्जुगे निर्माण सेवा | विमा-७४८४०<br>ल्यवा-७५१५९ | विमा-१६८४१<br>ल्याव-५६३४१ | ७६६८५ | बिल रकमभन्दा बढी भुक्तानी । |
| | | | जम्मा | १२७९८५ | |

| असुल गर्नुपर्ने | १,२७,९८५ |
|---|---|

३३ **निर्माण कार्यको बिमा** -

३३.१ **पूरा अबधिको बिमा नगरेको** - स्ट्याण्डर्ड बिड डकुमेन्टको जि.सी.सी १९.१ अनुसार ठेक्काको सम्झौता देखि त्रुटी सच्याउने अबधि सम्मको ईन्स्योरेन्स गरेको हुनुपर्ने व्यबस्था गरे पनि पालिकाले लगाएको ठेक्काहरुमा सम्झौताको शर्त बमोजिम सम्झौता भएका ठेक्काहरुमा पुरै अबधिको बीमा गरेको देखिएन । ठेक्का कार्यान्वियन गर्दा मात्र बिमाको कागजात पेश गर्ने गरे पनि सम्झौतासँगै बीमाको कागजात पेश गर्ने नगरेकोले अनुपातिक रुपमा सम्झौता देखि बीमा पेश गरेको अबधिसम्मको बीमा भुक्तानी भएको रकमबाट अनुपातिक कट्टी गर्नुपर्ने देखिन्छ । यसर्थ निम्नानुसार ठेक्का सम्झौताहरुमा नियमानुसार पुरै अबधिको बीमा पेश नगरी भुक्तानी गर्दा रु.५९८६५ बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| सि.नं. | ठेक्का नं. | सम्झौता अवधि | बीमा हुनुपर्ने अवधि दिन (DLP समेत) | विमा अवधि | विमा भएको अवधि दिन | न्युन विमा दिन | विमा वापतको कबोल रकम | विमा वापत भुक्तानी रकम | दैनिक विमांक | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०५-०८१।८२ | २०८१।८।२० देखि २०८२।२।३० | ५५५ | २०८२।१।२६ देखि २०८२।२।३० | ३९९ | १५६ | १००००० | ४२०३७ | ७५.७४ | ११८१५ |
| २ | १-०८१।८२ | २०८०।९।११ देखि २०८१।२।३० | ५०५ | २०८२।१।२६ देखि २०८२।२।३० | ४०२ | १०३ | १००००० | ९८६७५ | १९५.४० | २०१२६ |
| ३ | ०४-०८१।८२ | २०८१।८।२० देखि २०८२।२।३० | ५५५ | २०८२।१।२६ देखि २०८२।२।३० | ३९९ | १५६ | १००००० | ९९४०३ | १७९ | २७९२४ |
| | **जम्मा** | | | | | | | | | **५९८६५** |

| असुल गर्नुपर्ने | ५९,८६५ |
|---|---|

३३.२ **बिमाको म्याद थप नगरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने त्रुटी सच्याउने अवधि १३ महिना जोखिमसमेत ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा व्यवस्था छ । पालिकाले निम्नानुसारका निर्माण कार्य गर्दा म्याद थप भएको अवधिको बिमा पोलिसीको म्याद थप भएको देखिएन। पालिकावाट त्रुटी

सच्याउने अवधी भन्दा घटी विमालेखका आधारमा भुक्तानी गरेकोले नियमावली तथा सम्झौता अनुसार विमालेखको अवधी थप गर्नुपर्दछ।

| सि.नं. | ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता रकम(पि एस र भ्याट समेत) | कार्यसम्पन्न मिति(म्याद थप समेत) | विमा अवधि | विमा वापतको कबोल रकम | विमा वापत भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ०५-०८१। ८२ | वाङ्गुजे निर्माण सेवा | ९५६०९१३ | २०८२।९।३० | २०८२।१।२६ देखि २०८२।२।३० | १००००० | ४२०३७ |
| २ | ४-०८१। ८२ | सिद्धार्थ निर्माण सेवा | १३४०१२७७ | २०८२।९।३० | २०८२।१।२४ देखि २०८२।२।३० | १००००० | ९९४०३ |

## ३४ सोझै पाइप खरिद -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष वडाका विभिन्न तीन उपभोक्ता समितिका योजनाका लागि देहायअनुसार पाइप खरिद गरी विभिन्न सप्लायर्सलाई रु.२२३१६००।०० भुक्तानी गरेको छ । ऐनको व्यवस्थाबमोजिम खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी कार्य गराउनु पर्दछ ।

| **भौ.नं. /मिति** | **विवरण** | **आपुर्तिकर्ता** | **रकम** |
|---|---|---|---|
| ८६।२०८१।१२।५ | प्रामङ खोला आरवेरम खेत सिचाईका लागि **HDPE** पाइप खरिद | बि.एन के सप्लायर्स | ३७६६०० |
| ८८।२०८१।१२।५ | झुल्के खोला नाम्का सिचाइका लागि **HDPE** पाइप खरिद | एम आर जे ट्रेड लिंक प्रा. लि | ८९९००० |
| ८६।२०८१।१२।५ | खानेपानीका लागि **HDPE** पाइप खरिद | बाराही इन्टरप्राइजेज प्रा.लि | ९५६००० |
| **जम्मा** | | | **२२३१६००** |

## ३५ सामुदायिक सिकाइ केन्द्र

३५.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि,आर्थिक वर्ष २०८१।८२ को दफा ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आवको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका यी पाँच मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुस्ट रु. ३ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ।सामुदायिक सिकाइ केन्द्रले परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु.१००००।०० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्कमार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस पालिकाले दुई सामुदायिक अध्ययन/ सिकाइ केन्द्रलाई देहायअनुसार भुक्तानी गरेको छ ।

| **सामुदायिक सिकाइ केन्द्र/ मापदण्ड** | **वार्षिक साधारण सभा भएको** | **साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको** | **गत आवको खर्च स्वीकृत गरेको** | **लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको,** | **शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| **गोल्छे सामुदायिक सिकाइ केन्द्र** | छैन | छैन | छैन | छ | छैन | ३०००००।०० |
| **रामेश्वर सामुदायिक सिकाइ केन्द्र** | छैन | छैन | छैन | छ | छैन | २५००००।०० |

कार्यक्रम कार्यान्वयन कार्यविधिमा व्यवस्था भएबमोजिम मापदण्ड विपरित भुक्तानी भएको नियमसम्मत नभएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ५,५०,००० |

३५.२

गोल्छे सामुदायिक सिकाइ केन्द्र र रामेश्वर सामुदायिक सिकाइ केन्द्रको परिचालकहरुलाई मासिक रु.१०/१० हजार नगदै भुक्तानी गरेको देखिन्छ। कार्यविधिले तोकेअनुसार बैङ्कमार्फत भुक्तानी गर्नुपर्दछ ।

### ३६ प्रतिव्यक्ति लागत र शैक्षिक गुणस्तर

प्रतिव्यक्ति लागत

पालिकाको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ को प्रति विद्यार्थी लागत देहायअनुसार छ

| **बजेट विवरण** | **बजेट रकम** | **खर्च रकम** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| संघीय सरकार | १४५८३७०००।०० | १२७५४६४२५ | ४९२९ | ३१४३३ |
| प्रदेश सरकार | ५१६००००।०० | ३८९८५५२।२० | | |
| स्थानीय सरकार | २८८०९०००।०० | २७३८७७७६ | | |
| **जम्मा** | **१७९८०६०००।००** | **१५४९३४२०१** | **४९२९** | **३१४३३** |

शैक्षिक गुणस्तर

यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस. ई. ई. परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहायबमोजिम रहेको छ

| एस.ई.ई. परीक्षामा सहभागी जम्मा विद्यार्थी संख्या | | उतीर्ण विद्यार्थी सङ्ख्या | | उतीर्ण प्रतिशत | | जी.पी.ए.को अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | जी.पी.ए. | संस्थागत | सामुदायिक |
| ० | २६४ | ० | ११८ | ० | ४४.७० | ३.६१-४.००(A+) | ० | ५ |
| | | | | | | ३.२१-३.६०(A) | ० | १५ |

माथिको तालिकाहरु अध्ययन गर्दा यस पालिकाअन्तर्गत विद्यालयका प्रतिविद्यार्थी लागत वार्षिक रु.३१४३३।०० रहेको देखिन्छ भने शैक्षिक गुणस्तरतर्फ हेर्दा एस.ई.ई. परीक्षामा सामुदायिक विद्यालयतर्फ २६४ जना एस.ई.ई. परीक्षामा सहभागी भएकोमा ११८ जनामात्र (४४.७०प्रतिशत) उतीर्ण भएको देखिन्छ । सोमध्ये ३.६१-४.००(A+) जि.पि.ए. ल्याएर उतीर्ण हुने ५ जना छन भने ३.२१-३.६०(A) जि.पि.ए. ल्याएर उतीर्ण हुने १५ जना छन। शैक्षिक गुणस्तर सुधार हुनेगरी शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

### ३७ शिक्षक दरबन्दी पदपूर्ति

शिक्षा नियमावली २०५९ को नियम ९२ मा मन्त्रालयको स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची १२ बमोजिम हुनुपर्ने कुरा उल्लेख छ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालय सङ्ख्या | शिक्षक दरबन्दी | पदपूर्ती | पदपूर्तीमध्ये | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी/राहत | करार | |
| १ | ४१ | १६९ | १६९ | १५९ | १० | ३९६० |

उल्लिखित विवरणअनुसार पालिकामा ४१ वटा विद्यालयमा १६९ शिक्षक दरबन्दी स्वीकृत गरेकोमा दरबन्दीभित्र राहत र स्थायीसमेत १५९ र करारमा १० शिक्षक नियुक्ति गरेको छ।

### ३८ पाठ्यपुस्तक

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यो वर्ष ४१ सामुदायिक विद्यालयहरुलाई ७५ प्रतिशत हुने रकम पहिलो किस्ता र नपुगसमेत रु.२८१२७४७।०० निकासा दिएकोमा कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लिखित व्यवस्था बमोजिम विद्यार्थी संख्या, विषयगत र कक्षागत पाठ्यपुस्तकको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको देखिएन ।विद्यालयहरुले पेस गरेको पाठ्यपुस्तक खरिदको बिलबमोजिम शिक्षा शाखाबाट सिफारिस गरेको आधारमा निकासा दिइएको छ ।सत्यापन नगरी रकम निकासा गरेकोमा विद्यार्थी संख्या, कक्षागत र विषयगत विवरणको आधारमा पाठ्यपुस्तक रकम निकासा गरिएको यथार्थ छ भनी आश्वस्त हुन सकिएन। पाठ्यपुस्तक रकम निकासा गर्दा कार्यविधिको परिपालना हुनुपर्दछ। विद्यालयहरुमा सबै विद्यार्थीहरुले पाठ्यपुस्तक पाएको नपाएको सम्बन्धमा अनुगमन गरी सबै विद्यार्थीहरुले पाठ्यपुस्तक पाएको सुनिश्चित भएको प्रतिवेदन पेश गर्नुपर्दछ ।

३९ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार ४१ विद्यालयमध्ये १० विद्यालयको यो वर्षको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | सिन्दुर्चे आ.वि. | जुगल २ | १–३ | ० | ५ | ० |
| २ | भुमेश्वरी आ.वि. | जुगल ५ | १–३ | ० | ८ | ० |
| ३ | सिङ्गमाई आ.वि. | जुगल ५ | १–३ | ० | ४ | ० |
| ४ | सिद्धार्थ आ.वि. | जुगल ७ | १–३ | ० | ८ | ० |
| ५ | सिङ्गेश्वरी आ.वि. | जुगल १ | १–५ | १ | ८ | १:०८ |
| ६ | जुगल मा.वि. | जुगल ६ | १–१० | ६ | १६५ | १:२८ |
| ७ | जलदेवी मा.वि. | जुगल ७ | १–१२ | ११ | ३११ | १:२८ |
| ८ | बोल्दे आ.वि. | जुगल ३ | १–८ | ६ | १९० | १:३२ |
| ९ | तेम्बाथाङ आ.वि. | जुगल ३ | १–८ | ३ | ९८ | १:३३ |
| १० | भीमसेन मा.वि. | जुगल २ | १–१० | ८ | २२३ | १:३७ |

१).उल्लिखित विवरण अनुसार पालिकामा कुल शिक्षक संख्या १६९ जना रहेकोमा विद्यार्थी संख्या ३९६० रहेको छ । पालिकाका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:०८ देखि अधिकतम १:३७ रहेको छ भने ४१ वटा विद्यालयलको औषत शिक्षक विद्यार्थी अनुपात १:२३ रहेको छ । ४ विद्यालयमा शून्य दरबन्दी देखियो । पालिकाले यस आर्थिक वर्षमा विद्यालय मर्जरको कार्य आंशिक रुपमा गरेको छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । पालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलानको कार्य गर्नुपर्दछ ।

२).शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन

सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने

व्यवस्था छ । पालिका अन्तरगतका सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२३ रहेकोमा विद्यालय समायोजन एवं एकीकरणको कार्य गरेको देखिएन । यद्यपी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

४० **दिवाखाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीको लागि दिवाखाजा सम्बन्धी व्यवस्था छ।कार्यविधि बमोजिम स्थानीय तहले दिवा खाजाबापत रकम निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भएपछि मात्र खाजाबापतको अनुदान उपलब्ध गराउने व्यवस्था छ। लेखापरीक्षणमा नमुना छनौट गरी देहायको विद्यालयहरुको IEMIS को सङ्ख्याअनुसार दिवाखाजा अनुदान निकासा रु. १४६०७००।०० हुनुपर्नेमा रु.१५२९५६५।०० अनुदान निकासा दिइएकोले बढी निकासा भएको असुल हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या IEMIS अनुसार | जम्मा निकासा भएको रु. | औसत १८० दिनसम्मको निकासा हुनुपर्ने रु. | बढी निकासा रु. |
|---|---|---|---|---|---|
| १ | किुनेगाउँ आ.वि. | १० | ३६०४५ | २७००० | ९०४५ |
| ३ | निम्लुङ आ.वि. | ७५ | २०५३५० | २०२५०० | २८५० |
| ५ | सातकन्या आ.वि. | ९० | २४८१७५ | २४३००० | ५१७५ |
| ६ | घ्यूलदेवी आ.वि. नाम्फा | ४४ | १२६३९० | ११८८०० | ७५९० |
| ८ | गोण्डेगाउँ आ.वि. | ३३ | ९५६४० | ८९१०० | ६५४० |
| ९ | नवज्योती आ.वि. | ७५ | २१०६०० | २०२५०० | ८१०० |
| १० | डल्लेपोखरी आ.वि. | ४१ | १२७९९५ | ११०७०० | १७२९५ |
| ११ | सिद्धार्थ आ.वि. | ८ | ३०७२० | २१६०० | ९१२० |
| १२ | जलदेवी मा.वि. | १६५ | ४४८६५० | ४४५५०० | ३१५० |
| जम्मा | | | १५२९५६५ | १४६०७०० | ६८८६५ |

| असुल गर्नुपर्ने | ६८,८६५ |
|---|---|

४१ **विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास(OJT)**

४१.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन कार्यविधि आर्थिक वर्ष २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याको आधारमा लागत अनुदान दिन सकिने र त्यसैगरी प्राविधक धारअन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्नको लागि व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३, बमोजिम कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना, कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास गराउने तथा विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था छ ।

पालिकाले यो वर्ष व्यावहारिक अभ्यास अन्तर्गत विद्यार्थी निर्वाह खर्चबापत रत्नराज्य मा वि चनौटेलाई रु.२७०००० निकासा दिइएकोमा निम्न वेहोरा देखिएका छन

पालिकाले कक्षा ९ मा ३२ जनाको रु.९६०००, कक्षा १० का १७ जनाको रु.५१०००, कक्षा ११ को ९ जनाको ३ महिनाको रु.२७००० समेत रु.११४००० र कक्षा १२ मा १६ जनाको ६ महिनाको लागि रु.९६००० गरी कूल रु.२७०००० अनुदान दिइएको देखियो । निर्देशिकामा उल्लिखित व्यवस्था बमोजिम कक्षा ९ मा अध्ययनरत ३२ विद्यार्थीको लागि निर्वाह खर्च दिन मिल्ने नदेखिएकोले रु. ९६००० नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९६,००० |

४१.२ निर्देशिका बमोजिम OJT मा सहभागि सम्बन्धित विद्यार्थीको बैङ्क खातामा रकम उपलब्ध गराउनुपर्ने उल्लेख भएकोमा सोअनुसार नभइ नगद भुक्तानी गरेकोले निर्देशिकाको उल्लिखित व्यवस्थाको पालना गर्नुपर्दछ ।

### ४२ दरबन्दीभन्दा बढी कर्मचारी

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिका अन्तर्गतका ६ वटा स्वास्थ्य संस्थामा कुल ३६ दरबन्दी रहेकोमा ५२ जना कार्यरत रहेको पाइयो । स्वीकृत दरबन्दी भन्दा बढी संख्या हुने गरी सेवा करारमा नियुक्त गरेको पाइयो । विभिन्न पदमा १६ जना दरबन्दी भन्दा बढी करारमा नियुक्त गरी तलब भत्तामा रु.५४,६१,८८६।– खर्च लेखेको छ। यसरी ऐनको व्यवस्थाको प्रतिकूल दरबन्दी भन्दा बढी कर्मचारी सेवा करारमा राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५४,६१,८८६ |

### ४३ निःशुल्क उपचार सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार बापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया बारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार बापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायताका लागि मुटु रोग १०, क्यान्सर १०, मृगौला रोग ३, टाउकोको चोटपटक ५ र मेरुदण्डको चोटपटक ६ गरी ३४ रोगको सिफारिस गरेको छ।

### ४४ औषधी खरिद र व्यवस्थापन

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १ वर्ष ६महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय ससर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गर्दा Medigold International Pvt. Ltd. फर्मबाट ई विडिङ्ग विधिद्वारा रु.१५०४३१४।००, पालिका श्रोतबाट MOKSHA MEDIGUARD Pvt. Ltd. फर्मबाट सोझै खरिद गरी रु.१४९२१३।०० गरी कूल रु.१६५३५२७।०० रकम भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

४५ **अनुदानको अनुगमन -**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| सि नं | अनुदानशिर्षक | कार्यक्रम | अनुदानरकम | कृषकलाग्राही संख्या |
|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | सामुदायिक तथा व्यवसायिक उत्पादन साझेदारी कार्यक्रम कृषि | ९००००० | ९ |
| २ | समानीकरण अनुदान | सामुदायिक तथा व्यवसायीक उत्पादन साझेदारी कार्यक्रम पशु | १०९०००० | ११ |
| ३ | समानीकरण अनुदान | किनी खानको लागि होइन बेची खानको लागि पशुपन्छी उत्पादन कार्यक्रम | ३००००० | ६ |
| ४ | शसर्त पशु अनुदान | नयाँ बाख्रा पकेट कार्यक्रम | १५००००० | ३ |
| ५ | शसर्त अनुदान | पशुपालन प्रवर्द्धन कार्यक्रम | २८६७५० | १४ |
| ६ | समानीकरण अनुदान | जुगलको माथिल्लो बेल्टमा मौरी घार वितरण | ३००००० | १५ |
| ७ | शसर्त अनुदान | बाख्रा प्रवर्द्धन कार्यक्रम जुगल ६ | ५००००० | २१ |
| ८ | समानीकरण अनुदान | किनी खानको लागि होइन बेची खाने गा.पा. पकेट खेती(अकवरे खुर्सानी) | ३००००० | २ |
| ९ | समानीकरण अनुदान | ८० माउ भेडाबाख्रा भन्दा बढी पालन गर्ने कृषकको लागि घुम्ती गोठनिर्माण साझेदारीमा कार्यक्रम | १५०००० | १ |
| १० | समानीकरण अनुदान | चौरीपालन व्यवसायको चरन खर्क सुधार तथा घुम्ती गोठ निर्माणकार्यक्रम | ३००००० | ६ |
| | | **जम्मा** | **५६२६७५०** | |

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमको लागि ५६ लाख २६ हजार ७५० वितरण गरेको छ । अनुदान वितरणको अभिलेख राख्नुपर्नेमा राखेको छैन । विगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराउन सकिने भिडान गर्न सकिने गरी प्रतिवेदन राखेको छैन । कार्यालयबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको एकिन गर्न समेत सूचांक प्राप्त हुने गरी अनुगमन प्रतिवेदन तयार हुनुपर्दछ ।

४६ **पशुतर्फको साझेदारी अनुदान**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ।

४६.१ **बोयर जातका बोका**

पालिकाले यस वर्ष बोयर जातका बोका प्राप्त गर्न छनौट भएका वडा नं ६ का २१ कृषकहरुका लागि न्यूनतम २४ के जी र अधिकतम ४५ के जी तौलका २१

बोका खरिद गरी आशिष एकीकृत कृषि तथा पशुपंक्षी फर्म तान्सेनको बिल बमोजिम प्रति के. जी. रु.१००० का दरले ६६४ के. जी. को हुने रु.६६४०००।०० भुक्तानी भएको छ ।यससम्बन्धमा निम्न वेहोरा देखिएको छ:

- पालिकाले २५ देखि ३५ के.जी. का २३ बोयर बोका खरिद गर्न ढुवानी रु.५००००।०० समेत रु.६६७०००।०० लागत अनुमान स्वीकृत गरेकोमा सोही बमोजिम तौल समूहका बोका खरिद गर्नुपर्नेमा २४ के.जी. को -१, ४२ के.जी. को -१, र ४५ के.जी. -१ गरी ३ बोका फरक तौल समूहको भएको समेत २१ बोका खरिद गरी वितरण गरेकोमा कृषक छनौट आधार र मापदण्ड स्वीकृत गरेको छैन ।

- पालिकाले प्रविधि प्राप्त गर्ने कृषकबाट बीस प्रतिशतले हुने रकम पालिका खातामा जम्मा गर्न लगाइ पालिकाको बढीमा असी प्रतिशतले हुने रकमसमेत कार्यालयले नै आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।पालिकाको तर्फबाट पालिकातर्फको रु. ४५००००।०० र कृषक समूहतर्फको रु. २१४०००।०० समेत रु.६६४०००।०० आपूर्तिकर्तालाई भुक्तानी भएको छ ।
- बोका वितरण पश्चात सो कार्यक्रमको अनुगमन गरी प्रतिवेदन लिनु पर्ने लिइएको देखिएन ।

उल्लिखित कार्यक्रम सञ्चालन निर्देशिकामा भएको व्यवस्था बमोजिम कार्यक्रम सञ्चालन गर्ने र अनुगमन प्रतिवेदन लिने व्यवस्था गर्नुपर्दछ ।

४६.२ **मुर्रा पाडा पाडी**

आपूर्तकले कबोल गरेको ३६ पाडापाडीमध्ये ४ पाडा र १० पाडा गरी १४ पाडा पाडी मात्र आपूर्ति गरेको र तौल बमोजिम पचास प्रतिशतले हुने पालिकाको योगदान रु.५७३४१८।०० भुक्तानी भएको छ ।लागत अनुमानमा उल्लिखित तोकिएको स्पेसीफिकेसन अनुसार भए नभएको सम्बन्धमा पशु सेवा कार्यालय धुलिखेलले पेस गरेको परीक्षण प्रतिवेदन बमोजिम तोकिएको सर्त र स्पेसीफिकेसन अनुसार नभएको वेहोरा उल्लेख छ । तोकिएको बमोजिम नभएको भए ता पनि कृषकले लिन मौखिक रुपमा मञ्जुर गरी कार्यालयले वितरण गरेको वेहोरा जानकारी गराएको छ ।तोकिएको सर्त र स्पेसीफिकेसनबमोजिम नभएको सम्बन्धित कार्यालयको परीक्षण प्रतिवेदनसमेतले औँल्याएकोमा फिर्ता गर्नुपर्नेमा नगरी भुक्तानी गरेको रकम निमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ५,७३,४१८ |

४६.३ ६६४ के.जी. बराबरको प्रति के.जी. रु.१०००।०० का दरले २१ बोकाको रु. ६६४०००।०० मा कृषक लागत साझेदारीको तीस प्रतिशत अंश रु.२८८३६८।०० नगद सङ्कलन गरी रु.२१४०००।०० मात्र आपूर्तकको नाममा कृषि शाखा प्रमुखबाट दाखिला गरेको छ। कृषक साझेदारीबाट उठाएको मध्ये रु.७४३६८।०० बाँकी नगद कृषि शाखा प्रमुखबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,३६८ |

४६.४ स्पेसीफिकेसन अनुसार मापदण्ड नभएको पाडा पाडीको सम्बन्धमा पालिकाले कार्यसम्पादन जमानत रु.९८८२५।०० जफत गरी धरौटी खातामा राखेको देखियो । १४ पाडा पाडी फिर्ता नगरी कृषकलाई वितरण गरेकोमा कार्यसम्पादन जमानत जफत गरी पालिकाको धरौटी खातामा राखेको सम्बन्धमा आवश्यक निर्णय तथा यकिन गरी पालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गरी प्रमाण पेस गर्नुपर्दछ ।

४६.५ पालिकाले कृषकको पचास प्रतिशत र कार्यालयको पचास प्रतिशत लागत साझेदारीमा स्वीकृत कार्यक्रम बमोजिम ४ पाडा र १० पाडी गरी १४ मुर्रा जातको भैँसी खरिद गरी कृनिसा कृषि पशुपंक्षी तथा पोल्ट्री फार्म मेलम्चीलाई पालिका र कृषकबाट समेत रु.११८६८३६।०० भुक्तानी गरेको छ।यससम्बन्धमा देहायअनुसारको वेहोरा देखिएको छ

कालो रङ्गको, २ वर्षभन्दा माथि ४ वर्ष भन्दा कम उमेर, २२० के जी भन्दा माथि वजन, पूर्णरुपमा स्वस्थ, ५० प्रतिशत शुद्धता र प्रजनन योग्य स्पेसिफिकेसन भएको मुर्रा क्रस ५ पाडा र ३१ पाडी गरी ३६ वटाको ईन्सुरेन्स समेत रु.१९९८९८८।०० लागत अनुमान स्वीकृत गरेको र सोही बमोजिम खरिद कार्यको लागि प्रथम पटकको सूचनामा कुनै प्रस्ताव पेस नभएको र मूल्याङ्कन समितिको

निर्णयबमोजिम दोस्रोपटक २०८२।०२।२३ को सूचना बमोजिम पेस भएका तीन प्रस्तावमध्ये सबैभन्दा घटी रु.१८५६५००।कबोल गर्ने कृनिसा कृषि पशुपंक्षी तथा पोल्ट्री फार्म मेलम्ची छनौट भएको देखियो ।

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत सूचीकृत कूल ९१६ जना बेरोजगार संख्यामध्ये ७ वडामा १८ वटा योजना सञ्चालन गरी यस वर्ष ९१ जनालाई औसत ८३ दिनले ७५५३ दिन रोजगारी उपलव्ध गराई रु.८७१०००।०० श्रमिक ज्याला खर्च गरेको छ ।पालिकाले सूचीकृत बेरोजगारहरुमध्ये ९.९३ प्रतिशतलाई मात्र रोजगारी उपलब्ध गराएको देखिन्छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ ।उक्त खर्चवाट ९१ जनालाई मात्र लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएको देखिएकोले धेरै भन्दा धेरैलाई रोजगारी दिने गरी योजना कार्यान्वियन भएको तथा कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ: कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : जुगल गाउँपालिका, सिन्धुपाल्चोक , जुगल गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | चिरञ्जिवि थापा | २०७९-११-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४१३,००३ | ६,६८१,३०४ | ४,८१५,०६६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,९०९,३७३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,९०९,३७३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९२६१६०६०.४७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१२०६६०२०.९२ | **चालु खर्च** | ३२०६४३०७५.२६ |
| **प्रदेश सरकारबाट अनुदान** | ८९७०११२९.८७ | **पूँजीगत खर्च** | १८०५६१४७० |
| **राजश्व बाँडफाँट** | २८५१५१७.० | **वित्तीय/अन्य व्यवस्था** | १७४७४५०२२.६१ |
| **आन्तरिक आय** | ७८१५७०३.० | | |
| **अन्य आय** | १४१५३५१४२.७३ | | |
| **कुल आय** | ६५३९६९५१३.५२ | **कुल खर्च** | ६७५९४९५६७.८७ |
| **बाँकी मौज्दात** | | ७०६३६००६.१२ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १५,२८,३४,४६३.२१ | १५,२८,३४,४६३.२१ | १२,४६,३५,८८२.०२ | १२,४६,३५,८८२.०२ |
| १३००० | अनुदान | ३३,७८,०५,९६३.५२ | ३३,७८,०५,९६३.५२ | ३४,२०,२९,६९३.८१ | ३४,२०,२९,६९३.८१ |
| १४००० | अन्य राजस्व | १,१४,९३,११३.६२ | १,१४,९३,११३.६२ | १,८२,००,२९२.१७ | १,८२,००,२९२.१७ |
| १५००० | विविध प्राप्ति | १,४६,८४८.०० | १,४६,८४८.०० | ७१,१७५.०० | ७१,१७५.०० |
| क | कुल जम्मा प्राप्ति | ५०,२२,८०,३८८.३५ | ५०,२२,८०,३८८.३५ | ४८,४९,३७,०४३.०० | ४८,४९,३७,०४३.०० |
| ३ | चालु | ३२,०६,४३,०७५.२६ | ३२,०६,४३,०७५.२६ | ३१,६६,६०,६२३.८१ | ३१,६६,६०,६२३.८१ |
| २१००० | पारिश्रमिक / सुविधा | १३,९६,६५,३१३.०९ | १३,९६,६५,३१३.०९ | ४,६७,८२,८९९.८७ | ४,६७,८२,८९९.८७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७,३९,५५,२९७.२६ | ७,३९,५५,२९७.२६ | ६,२७,४६,९२४.६४ | ६,२७,४६,९२४.६४ |
| २५००० | सहायता (Subsidy) | ९,०४,१५,०१२.४१ | ९,०४,१५,०१२.४१ | १८,३१,५५,११६.३० | १८,३१,५५,११६.३० |
| २७००० | सामाजिक सुरक्षा | ८९,८६,७००.०० | ८९,८६,७००.०० | १,४०,६८,०७३.०० | १,४०,६८,०७३.०० |
| २८००० | अन्य खर्च | ७६,२०,७५२.५० | ७६,२०,७५२.५० | ९९,०७,६१०.०० | ९९,०७,६१०.०० |
| ४ | पूंजीगत | १८,०५,६१,४७०.०० | १८,०५,६१,४७०.०० | २१,५१,२८,९८२.०० | २१,५१,२८,९८२.०० |
| ३१११० | भवन तथा संरचना | ९९,७८,९३७.०० | ९९,७८,९३७.०० | २,८१,६९,४७७.०० | २,८१,६९,४७७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४१,८९,७१७.०० | ४१,८९,७१७.०० | १,८७,४२,२५३.०० | १,८७,४२,२५३.०० |
| ३११५० | सार्वजनिक निर्माण | १६,५०,१२,९१६.०० | १६,५०,१२,९१६.०० | १६,६०,१७,८९७.०० | १६,६०,१७,८९७.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १३,७९,९००.०० | १३,७९,९००.०० | २१,९९,३५५.०० | २१,९९,३५५.०० |
| ५ | वित्तीय | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ५०,१२,०४,५४५.२६ | ५०,१२,०४,५४५.२६ | ५३,१७,८९,६०५.८१ | ५३,१७,८९,६०५.८१ |
| ग) | बचत /कमी (ग = क-ख ) | १०,७५,८४३.०९ | १०,७५,८४३.०९ | (४,६८,५२,५६२.८१) | (४,६८,५२,५६२.८१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | (८१,२७,८३२.४४) | (८१,२७,८३२.४४) | १८,४८,३५५.९५ | १८,४८,३५५.९५ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३,३४८.०० | -३,३४८.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (७०,५१,९८९.३५) | (७०,५१,९८९.३५) | (४,५०,०४,२०६.८६) | (४,५०,०४,२०६.८६) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ८,५०,४५,८४६.१६ | ८,५०,४५,८४६.१६ | १३,००,५०,०५३.०२ | १३,००,५०,०५३.०२ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ७,७९,९३,८५६.८१ | ७,७९,९३,८५६.८१ | ८,५०,४५,८४६.१६ | ८,५०,४५,८४६.१६ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।